International Research Journal of MMC (IRJMMC)

Vol- 5, No. 3, June 2024 ISSN 2717-4999 (Online) 2717-4980 (Print)

# कवि राजाको 'तङसिङ' मा वक्रोक्ति

# (Vakrokti in Kavi Raja's 'Tangsing')

**KHIL PRASAD BARAL**

*Author affiliations can be found in the back matter of this article

**CORRESPONDING AUTHOR**
**Khil Prasad Baral**
Makawanpur Multiple Campus, Hetauda
nimeshnikhil@gmail.com

KEYWORDS

पदपूर्वार्द्ध वक्रता

रूढिवैचित्र्य वक्रता

वक्रोक्ति सिद्धान्त

वर्णविन्यास वक्रता

ABSTRACT

एघारौँ शताब्दीका आचार्य कुन्तकले प्रतिपादन गरेको वक्रोक्तिसिद्धान्त पूर्वीय साहित्यशास्त्रका प्रमुख सिद्धान्तमध्ये एक हो । पूर्ववर्ती आचार्यहरूका काव्यमान्यतासमेतलाई समेटेको यस सिद्धान्तमा कुन्तकले वक्रोक्तिका विभिन्न छ भेद तथा तिनका उपभेदहरूको चर्चा गरेका छन्। उनले प्रस्तुत गरेका वक्रोक्तिका छ भेदहरूमध्ये वर्णविन्यास वक्रता र पदपूर्वार्द्ध वक्रताका केही भेदका आधारमा सुप्रसिद्ध भारतीय नेपाली कवि राजाको 'तङसिङ' सङ्ग्रहका कविताहरूको अध्ययन विश्लेषण गर्नु यस अनुसन्धानको उद्देश्य रहेको छ। यसका लागि सर्वप्रथम वक्रोक्ति सिद्धान्तको सङ्क्षिप्त सैद्धान्तिक चर्चा गर्दै सम्बन्धित कवितामा विभिन्न प्रकारका वक्रताको प्रयोग कसरी भएको छ भन्ने सन्दर्भलाई स्पष्ट पार्न उक्त कविता सङ्ग्रहका अंशलाई उदाहरणका रूपमा प्रस्तुत गरी तिनमा पाइने वक्रताको अध्ययन विश्लेषण गरिएको छ। पुस्तकालय अध्ययनबाट प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्रीको प्रयोग गरी वर्णनात्मक पद्धतिअनुसार विवेच्य सामग्रीहरूको विश्लेषण गरिएको यो अध्ययन मूलतः निगमनात्मक पद्धतिमा आधारित छ। यस अध्ययनका लागि सामग्री सङ्कलन गर्न उद्देश्यमूलक नमुना छनोट पद्धतिको प्रयोग गरिएको छ। यो नितान्त गुणात्मक प्रकृतिको अध्ययन हो । यस अध्ययनबाट कवि राजाका कवितामा वक्रताको सफल र सार्थक प्रयोग भएको र यस्तो प्रयोगबाट उनका कविताहरू विशिष्ट बनेको निष्कर्ष निकालिएको छ। भविष्यमा वक्रोक्ति सिद्धान्तका आधारमा विभिन्न विधाका साहित्यिक कृतिहरूको अध्ययन विश्लेषण गर्नेहरूका लागि यो लेख महत्त्वपूर्ण सन्दर्भ बन्न सक्ने अपेक्षा गरिएको छ।

[Vakroktisiddhanta propounded by Acharya Kuntak in the eleventh century is one of the major principles of Eastern literature. In this principle, which also includes the poetic values of the previous Acharyas, Kuntak has discussed six different types of Vakrokti and their sub-types. The purpose of this research is to study and analyze the poems of the well-known Indian Nepali poet Raja's 'Tangsing' collection based on the six distinctions of vakrokti presented by him. For this, first of all, a brief theoretical discussion of the theory of Vakrokti has been done in order to clarify the context of how different types of Vakrokti have been developed in

Vol- 5, No. 3, June 2024 ISSN 2717-4999 (Online) 2717-4980 (Print)

related poetry and the study of the Vakrokti found in them has been presented as an example and analyzed. This study is basically based on deductive method, which analyzed the selected materials according to the descriptive method using materials from both primary and secondary sources from the library study. Purposive sampling method has been used to collect material for this study. This is a purely qualitative study. From this study, it has been concluded that there is a successful and meaningful use of Vakrokti in poet Raja's poetry and his poems became unique due to such use. In the future, this article is expected to be an important reference for those who study and analyze literary works of various genres based on the theory of Vakrikti.]

## १. विषय परिचय

प्रस्तुत लेख भारतीय नेपाली कवि राजा (पुनियानी)को *'तङसिङ'* इको कवितामा वक्रोक्तिको प्रयोग के कसरी गरिएको छ भन्ने विषयसँग सम्बन्धित छ । वक्रोक्ति सिद्धान्त पूर्वीय काव्यशास्त्रका प्रमुख काव्यसिद्धान्तमध्ये एक हो । दसौँ-एघारौँ शताब्दीतिरका संस्कृत आचार्य कुन्तकद्वारा प्रतिपादित यो सिद्धान्त पूर्वीय काव्यशास्त्रको एउटा महत्त्वपूर्ण उपलब्धि मानिन्छ । राजा (सन् १९७७) समकालीन आधुनिक भारतीय नेपाली कविताका एक प्रतिनिधि कवि हुन् । उनका 'अर्को लश्कर' (सन् २०१३) र 'तङसिङ' (सन् २०२२) दुई कविता सङ्ग्रहहरू प्रकाशित छन् ।

'वक्र' र 'उक्ति' दुई शब्दहरू मिलेर बनेको वक्रोक्ति शब्दको सामान्य अर्थ बाङ्गो, टेढो वा घुमाउरो कथन वा भनाइ भन्ने बुझिन्छ । सुन्दा सामान्य लाग्ने भनाइका अन्तरमा निहित विशिष्ट अर्थको उद्घाटन गर्ने विशेष अर्थ सङ्केतक उक्ति नै वक्रोक्ति हो । अर्को शब्दमा भन्दा सामान्य लोकप्रचलित अभिधा अर्थभन्दा फरक, विशिष्ट र चमत्कारपूर्ण कथनलाई वक्रोक्ति भन्न सकिन्छ । ... अर्को शब्दमा त्यस्तो काव्य कथन जसले अलौकिक चमत्कार उत्पन्न गराउँछ त्यसैको नाम वक्रोक्ति हो । सौन्दर्य, विच्छिति, भङ्गी वा अन्य जे नाम दिए पनि त्यसले यसै घुमाउरोपनतिर सङ्केत गरेको हुन्छ (भँडारी, २०५५, पृ. ७३४) । कुन्तकका दृष्टिमा काव्यको आत्मा भनेको वक्रोक्ति हो । यसै काव्यात्मका रूपमा वक्रोक्तिको परिभाषा गर्दै कुन्तक भन्छन्–

> वक्रोक्ति प्रसिद्धाभिधानव्यतिरेकिणी विचित्रैवाभिधा । कीदृशी वैदग्ध्यभंगीभणितिः । वैदग्ध्यं विदग्धभावः, कविकर्मकौशलं, तस्य भंगी विच्छतिः, तया भणितिः । विचित्रैवाभिधाः वक्रोक्तिरित्युच्चये (नगेन्द्र, सम्पा. भूमिका, सन् १९५५, पृ. ३१) ।

अर्थात् प्रसिद्ध उक्तिभन्दा भिन्न विचित्र अभिधा अर्थात् वर्णनशैलीलाई वक्रोक्ति भनिन्छ । वैदग्ध्यपूर्ण शैलीका माध्यमबाट व्यक्त उक्ति नै वक्रोक्ति हो । वैदग्ध्यको आशय हो– विदग्धता, कविकर्मकौशल, उसको भङ्गिमा वा शोभा (चारुता), त्यसका आधारमा भनिएको उक्ति (वक्रोक्ति हो) । विचित्र अभिधाको नाम नै वक्रोक्ति हो । यसरी स्वयम् कुन्तकले वाणीवैदग्ध्य अर्थात् कथनको रमणीयतालाई वक्रोक्ति स्वीकार गरेको देखिन्छ । 'रत्न बृहत् नेपाली समालोचना'का अनुसार वक्र र उक्ति दुई शब्द मिलेर वक्रोक्ति बन्दछ । वक्र भनेको बाङ्गो वा टेढो हो भने उक्ति भनेको कथन वा भनाइ हो । यसैलाई अलि व्यापक अर्थमा हेर्ने हो भने वक्रोक्ति भनेको घुमाउरो वा परिहासपूर्ण वा चातुर्यपूर्ण वा आह्लादात्मक उक्ति भन्ने बुझिन्छ भनेर वक्रोक्तिलाई चिनाइएको छ (पौडेल, २०७६, पृ. ६०४) । यसले वक्रोक्ति सामान्यभन्दा भिन्न र पृथक् खालको विशिष्ट कथन भन्ने जनाउँछ । सामान्य वा प्रचलित अभिधार्थभन्दा फरक, विशिष्ट र

चमत्कारपूर्ण कथनलाई वक्रोक्ति मान्न सकिन्छ (बराल, सन् २०२१, पृ. ९७)। त्यसैले वक्रोक्ति भनेको अभिधार्थभन्दा पनि विशिष्टार्थबोधक उक्ति हो।

निष्कर्षतः सामान्य लोकप्रचलित कथनभन्दा भिन्न अर्थ दिने विशिष्ट र वाक्चातुर्यपूर्ण उक्ति नै वक्रोक्ति हो र यो पूर्वीय काव्यशास्त्रको एउटा समन्वयशील समालोचना पद्धति हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ।

## २. अध्ययन विधि तथा सीमा

यो लेख तयार गर्न पुस्तकालयीय अध्ययनबाट सामग्री सङ्कलन गरिएको छ । यहाँ प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्री प्रयोग भएका छन् । साक्ष्य वा उदाहरणका रूपमा चयनित *'तङसिङ'का* कविता तथा कवितांश प्राथमिक स्रोतको सामग्री हुन् भने वक्रोक्तिसिद्धान्तका विषयमा लेखिएका लेख, रचना, यस विषयममा भएका पूर्ववर्ती कार्यहरू द्वितीयक स्रोतका सामग्री हुन् । सामग्रीको विश्लेषणका लागि वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ। यो लेखको अध्ययन ढाँचा निगमनात्मक प्रकृतिको रहेको छ। यो सीमित अध्ययन भएकाले यहाँ कवि राजाका सबै कविताहरूको अध्ययन गरिएको छैन । कवितांशहरूको अध्ययनका लागि वक्रोक्तिसिद्धान्तको वर्णविन्यास वक्रता र पदपूर्वार्द्ध वक्रताका केही भेदहरूलाई मात्र आधार बनाइएको छ । विवेच्य कृतिका कवितांशमा पाइने विषयसम्बद्ध वक्रताको खोजी गरी पूर्वस्थापित सिद्धान्तका आधारमा तिनलाई पुष्टि गर्ने पद्धति यस लेखमा अपनाइएको छ । वर्णविन्यास वक्रता र पदपूर्वार्द्ध वक्रताबाहेक अन्य वक्रोक्तिका प्रकारहरूलाई यस अध्ययनमा समेटिएको छैन।

## ३. विषय विश्लेषण

आचार्य कुन्तकले वर्णविन्यास, पदपूर्वार्द्ध, पदपरार्द्ध, वाक्य, प्रकरण र प्रबन्ध गरी छ प्रकारका वक्रताको चर्चा गरेका छन् । 'तङसिङ'मा प्रयुक्त वक्रोक्तिलाई निम्नानुसार हेर्न सकिन्छ-

### ३.१ वर्णविन्यासवक्रता

वर्ण भाषाको सबैभन्दा सानो एकाइ हो । काव्यमा भाषाको यसै न्यूनतम एकाइका रूपमा रहेने वर्णका तहमा देखिने र वर्णकै माध्यमबाट अभिव्यक्त हुने काव्यसौन्दर्य वा चारुतालाई वर्णविन्यासवक्रता भनिन्छ । पूर्ववर्ती आचार्यहरूले व्याख्या गरेका अनुप्रास अलङ्कारका विभिन्न भेदहरूलाई नै आचार्य कुन्तकले वर्णविन्यास वक्रताअन्तर्गत चर्चा गरेका छन्।

एको द्वौ बहवो वर्णा बध्यामनाः पुनः पुनः
स्वल्पान्तरास्त्रिधा सोक्ता वर्णविन्यासवक्रता (कुन्तक, १९५५, पृ. १६९)।

एक, दुई वा धेरै वर्ण छोटो छोटो अन्तरालमा पटक पटक दोहोरिएर आउँदा रचनामा देखा पर्ने वक्रतालाई वर्णविन्यासवक्रता भनिन्छ।

सुकेको टिस्टा किनार
घुङरिङ समातेर
तितेपाती च्यापेर
दुबो सिउरेर
काम्दै छिन्
शक्तिशाली
युमा

(राजा, सन् २०२२, पृ. ३८)

एउटै वर्णको आवृत्तिबाट सिर्जना हुने काव्यिक सौन्दर्यलाई एकवर्णविन्यास वक्रता भनिन्छ। माथिको कवितांशमा किनार, समातेर, च्यापेर, सिउरेर शब्दहरूमा प्रयुक्त 'र' वर्णले कवितामा लयात्मकता र श्रुतिमधुरता सिर्जना गरेका छन्। नियोजितभन्दा पनि स्वाभाविक रूपमा प्रयोग भएर आएका आएको 'र' वर्णका कारण कविता कर्णप्रिय बनेको छ। त्यसकारण यस कवितांशमा एकवर्णविन्यास वक्रता प्रयोग भएको छ।

जरैजरा जरैजरा जरैजरा
जोडिएका जराहरू
एकार्काका हात समात्छन्
र नाच्छन् हाक्पारे

(राजा, २०२२, पृ. ३६)

दुईवटा वर्णको आवृत्तिबाट सिर्जना हुने काव्यिक सौन्दर्यलाई द्विवर्णविन्यास वक्रता भनिन्छ । यस कवितांशमा पटक पटक आवृत्त भएर आएका 'ज' तथा 'र' दुई वर्णहरूले कवितामा श्रुतिसौन्दर्य सिर्जना भएको छ । त्यसैले यहाँ द्विवर्णविन्यास वक्रता सिर्जना भएको छ ।

ए अजनबी साथी
मलाई थाहा छ-
रुख काटिनु बन्द गराउने छैन कविताले
आकाश छेंड़िनु बन्द हुने छैन कविताले
चरा हराउनु बन्द गराउने छैन कविताले
कार्बन उड्नु बन्द हुने छैन कविताले
हिउँ पग्लिनु बन्द हुने छैन कविताले
हावा तात्तिनु बन्द हुने छैन कविताले

(राजा, २०२२, पृ. ३९)

तीन वा सोभन्दा बढी वर्णहरूको पटक पटकको आवृत्तिबाट सिर्जना हुने काव्यिक सौन्दर्यलाई बहुवर्णविन्यास वक्रता भनिन्छ । यस कवितांशमा न / छ / द / क / व / त जस्ता अनेक वर्णहरूको पटक पटक आवृत्ति भएको छ । यसले कवितामा लयात्मकता, गेयात्मकता र समध्वन्यात्मकता सिर्जना गरेको छ । त्यसैले यस कवितांशमा बहुवर्णविन्यास वक्रता सिर्जना भएको छ ।

कवि राजाको 'तङसिङ' इको कवितामा यस प्रकारका वर्णविन्यासगत वक्रताको प्रचुर प्रयोग पाइन्छ ।

## ३.२ पदपूर्वार्द्ध वक्रता

संस्कृत व्याकरणमा पदका प्रकृति र प्रत्यय दुई खण्ड हुन्छन् । प्रकृतिलाई पूर्वार्द्ध खण्ड र प्रत्ययलाई उत्तरार्द्ध खण्ड भनिन्छ । पदको पूर्वार्द्ध भाग वा प्रकृति अर्थात् धातु र प्रातिपदिकका तहमा देखा पर्ने उक्तिगत सौन्दर्य पदपूर्वार्द्धवक्रता हो । पदपूर्वार्द्धवक्रताको अभिप्राय प्रातिपदिक तथा धातुको अथवा यसो भनौँ- मूलशब्दको वक्रता हो (कुन्तक, सन् १९५५, पृ. २४१) । पदका दुई भागमध्ये पूर्वार्द्धलाई 'प्रकृति' भनिन्छ र उत्तरार्द्धलाई 'प्रत्यय' भनिन्छ । 'प्रकृति'मा 'धातु' र 'नाम' दुवैको समन्वय हुन्छ । 'नाम'लाई 'प्रातिपदिक' पनि भनिन्छ । यिनै 'प्रातिपदिक' र 'धातु'गत वक्रता नै पदपूर्वार्द्धवक्रता हो (त्रिपाठी, सन् २००१, पृ. ३९०) । त्यसैले पदपूर्वार्द्ध अर्थात् पदको पूर्वभागमा रहने प्रातिपदिक तथा धातुको समुचित विन्यासका कारण सिर्जना हुने काव्यसौन्दर्य नै पदपूर्वार्द्धवक्रता हो । धातु वा प्रातिपदिकका कारण काव्यमा आउने चमत्कारलाई पदपूर्वार्द्धवक्रता भनिन्छ (वर्मा, २०१३, पृ. १७६) । यसको (पदपूर्वार्द्धवक्रता) अभिप्राय हो पदको पूर्वभागमा रहने वक्रता । यसमा मूल शब्द प्रयोगकौशल तथा त्यसका विशेषताद्वारा नवीन अर्थको द्योतन गर्ने काम हुन्छ । यसलाई प्रातिपदिक वा धातुमूल भएकाले प्रकृतिवक्रता पनि भन्न सकिन्छ (उपाध्याय, २०५५, पृ. २२४) । वाक्यमा प्रयुक्त शब्द नै पद हुन् । पदका पूर्वार्द्ध र उत्तरार्द्ध दुई भाग हुन्छन् । यिनलाई क्रमशः प्रकृति र प्रत्यय पनि भनिन्छ । प्रकृतिभित्र प्रातिपदिक वा सर्गविहीन शब्द र धातु पर्दछन् । यिनै प्रकृति अर्थात् धातु र प्रातिपदिकमा देखा पर्ने काव्यसौष्ठव वा विशेष उक्तिगत सौन्दर्यलाई पदपूर्वार्द्धवक्रता भनिन्छ । पदपूर्वार्द्धवक्रताको अभिप्राय प्रातिपदिक तथा धातुको अथवा यसो भनौँ मूलशब्दको वक्रता हो (नगेन्द्र, १९५५, पृ. २४१) । कुन्तकले पदपूर्वार्द्धवक्रताका निम्न आठ प्रकारहरूको उल्लेख गरेका छन् : रुढिवैचित्र्यवक्रता, पर्यायवक्रता, उपचारवक्रता, विशेषणवक्रता, संवृत्तिवक्रता, लिङ्गवैचित्र्यवक्रता, वृत्तिवक्रता र क्रियावैचित्र्यवक्रता ।

यीबाहेक कुन्तकले पदपूर्वार्द्धवक्रताअन्तर्गत भाववैचित्र्यवक्रताको समेत चर्चा गरेका भए पनि यो मूलतः क्रियावैचित्र्यवक्रतामा समेटिन सक्ने देखिन्छ । आचार्य कुन्तकले पदपूर्वार्द्धवक्रताका यी आठै प्रकारको व्याख्या 'वक्रोक्तिजीवितम्'मा सविस्तार गरेका छन् (शर्मा र बराल, २०२२, पृ. ९३) । कुन्तकले पदपूर्वार्द्धवक्रताका कतिपय भेदका उपभेदको समेत परिचर्चा गरेका छन् ।

### ३.२.१ रुढिवैचित्र्य वक्रता

रुढिवैचित्र्य वक्रता पदपूर्वार्द्ध वक्रताको एक उपप्रकार हो । रुढिवैचित्र्य वक्रता भनेको साहित्यिक कृतिका पद एवं पदावली स्तरमा निहित त्यस्तो सौन्दर्य वा विच्छित्ति हो जसमा कुनै लोकोत्तर चमत्कार उत्पन्न गर्नका लागि कुनै रूप र अर्थलाई कुनै अन्य अर्थमा आरोप गरिन्छ (शर्मा, २०७४, पृ. ६४) । यसरी कुनै शब्दले आफ्नो कोशीय अर्थ परित्याग गरेर धारण गरेको अन्यार्थले रुढिवैचित्र्य वक्रतालाई जनाउँछ ।

"यत्र रुढेरसम्भाव्यधर्माध्यारोपगर्भता ।
सद्धर्मातिशयारोपगर्भत्वं वा प्रतीयते ।।
लोकोत्तरतिरस्कारश्लाध्योत्कर्षाभिधित्सया ।
वाच्यस्य सोच्चते कापि रुढिवैचित्र्य वक्रता ।
।" (कुन्तक, सन् २०१४, पृ. १५७) ।

अर्थात् जहाँ अर्थको अलौकिक तिरस्कार वा उत्कर्ष प्रशंसाको आयोजनाका लागि रुढिका माध्यमबाट कुनै असम्भाव्य धर्मको आरोप गरेर त्यसको निन्दा वा प्रशंसा गरिन्छ या विद्यमान धर्मको अतिशयको आरोप गरेर सारगर्भित रूपमा कथन गरिन्छ र त्यसको परिणामस्वरूप उक्तिमा अपूर्व स्वरूप आउँछ त्यहाँ रुढिवैचित्र्य वक्रता हुन्छ ।

वाच्यार्थको सर्वातिशायी उत्कृष्ट वा निकृष्ट अर्थ बताउन रूढिले सम्भव नभएको अवस्थामा रूढ / पदार्थको विद्यमान अर्थभन्दा विशिष्ट अर्थको अध्यारोपद्वारा आउने चमत्कारयुक्त अर्थप्रतीतिलाई रूढिवैचित्र्य वक्रता भनिन्छ (भट्टराई, सन् २०२०, पृ. १०५) । यस भनाइले पनि रुढिवैचित्र्य वक्रता भनेको सामान्यार्थभन्दा उपल्लो तहको विशिष्टार्थ हो भन्ने जनाउँछ ।

> प्रशंसा वा तिरस्कार गरिने अभिप्राय वा उद्देश्य (अर्थ) मा गरिने शब्द यस्तो प्रकारले प्रयोग गर्न सकिन्छ ताकि असम्भव कुनै विशेषता यस शब्दार्थमा आरोपित हुन्छ । यसमा साँच्चै त्यस शब्दार्थको विशेषता रहन्छ । त्यस्ताखाले वक्रतालाई रूढिवैचित्र्यवक्रता भनिन्छ । रूढिवैचित्र्यवक्रतालाई अतिशयआरोपवक्रता पनि भनिन्छ । आफ्नो प्रतिभाको भरमा कविले रूढ अर्थलाई यस्तो प्रकारले प्रयोग गर्दछ काव्यको मूल स्थानमा कुनै असम्भाव्य अर्थको उत्पत्ति हुँदछ (प्रधान २०७९) ।
>
> यस कथनले पनि रुढिवैचित्र्य वक्रतालाई अतिशय कथनका रूपमा स्विकारेको देखिन्छ ।

रुढिवैचित्र्य वक्रतालाई आचार्य कुन्तकले असम्भावार्थमूलक र अतिशयोक्तिमूलक भनी दुई प्रकारमा वर्गीकरण गरेका छन् । पहिलोमा कुनै शब्दको रुढ अर्थलाई कल्पनातीत असम्भव अर्थका रूपमा अध्यारोप गरी प्रस्तुत गरिन्छ भने दोस्रोमा कुनै शब्दमा निहित रुढ अर्थलाई अतिशय अर्थका रूपमा अभिव्यक्त गरिन्छ । कुन्तकले ध्वनिकार आनन्दवर्द्धनको 'अत्यन्तिरस्कृत वाच्यध्वनि' र अर्थान्तरसङ्क्रमित वाच्यध्वनि' असम्भावार्थमूलक र अतिशयोक्तिमूलक रुढिवैचित्र्य वक्रतामा अन्तर्भाव हुने कुरा बताएका छन् (खनाल, २०६८, पृ. ५८) । वाच्यार्थ वा कोशीय शब्दले विशेष अर्थ प्रदान गर्दा त्यहाँ रुढिवैचित्र्य वक्रता हुन्छ ।

यसरी रुढिवैचित्र्य वक्रताले कथनको विशिष्टार्थ वा गुढार्थलाई सङ्केत गर्ने गर्दछ । कविता विधा पनि अभिधाभन्दा माथिल्लो कोटिको लक्षणार्थ अझ व्यञ्जनार्थ भएकाले काव्यकिवतामा यो वक्रताको प्रयोग र महत्त्व सर्वाधिक रहेको देखिन्छ । अझ भन्नुपर्दा रुढिवैचित्र्य वक्रता प्रयोग भएका कविता नै खास अर्थमा उक्तिगतवैचित्र्ययुक्त र सुन्दर कविता हुन् ।

कवि राजा उक्तिगतवैचित्र्य सिर्जना गरी गम्भीर कविता लेख्ने कवि भएका कारण उनका कविताहरूमा रुढिवैचित्र्य वक्रताको व्यापक प्रयोग भएको पाइन्छ-

कानाकोर्सिको जुगभरिमा
तेरो काम ठूलो छ नाति
त्यो ह्याङ्ग्रायोको
लामो लोभी चुच्चोबाट
तैंले यो संसारको पाङ्ग्रा

फुत्काएको दिन मात्र
भूगोल पढाउने
सरको संसार
ठिक्क पिर्थिबीजस्तै
पिर्थिबी हुन्छ

(राजा, सन् २०२२, पृ. २७-२८)

माथिको कवितांशमा आएको 'ह्याङ्ग्रायो' भनेको स्थानीय भाषामा लामो चुच्चो हुने एक प्रकारको चरा हो । त्यस्तै 'पाङ्ग्रा' भनेको सामान्य गुड्ने गोलाकार वस्तु हो । यस कवितांशमा कविले पाङ्ग्राको कोशीय अर्थलाई तिरस्कार गरी त्यसलाई प्राकृतिक गतिशीलता भन्ने अर्थमा सङ्केतित गरेका छन् भने ह्याङ्ग्रायोको अभिधार्थलाई तिरस्कार गरी त्यसलाई पृथ्वीको प्राकृतिक गतिशीलतामा खलल उत्पन्न गराउने मान्छेका रूपमा कविले प्रस्तुत गरेका छन् । यसरी यहाँ 'ह्याङ्ग्रायो' लाई मान्छे र पाङ्ग्रालाई पृथ्वीको स्वाभाविक गतिशीलताका रूपमा विशेषार्थी बनाएर प्रस्तुत गरिएका कारण यहाँ रुढिवैचित्र्य वक्रता सिर्जना भएको देखिन्छ ।

धर्तीभरि फैलिएको छ
रुखको जरा
जराको शाखा प्रशाखा

जरैजरा जरैजरा जरैजरा
जोडिएका जराहरू
एकार्काका हात समात्छन्
र नाच्छन् हाक्पारे

जराहरूले गाएको गीतमा
जराको कथा छ
जराको व्यथा छ
जराको नक्सा छ

(राजा, सन् २०२२, पृ. ३६)

प्रस्तुत कवितांशमा प्रयुक्त जरा शब्दले रुखबिरुवाको जमिनभित्र रहने आधार वा जड भन्ने सामान्यार्थलाई तिरस्कार गरी चराचर जगत्मा रहेका प्राणी तथा वनस्पतिको आधार अर्थात् पृथ्वी भन्ने अर्थलाई सङ्केत गरेको छ । यसले अझ सिङ्गो पृथ्वीको पारिस्थितीकीय प्रणालीलाई पनि सङ्केतित गरेको आभास कवितामा पाइन्छ । यसरी जरा शब्दको अभिधार्थलाई तिरस्कार गरी उक्त शब्दका माध्यमबाट सिङ्गो पृथ्वी वा यसलाई चलायमान बनाउने पारिस्थितिकीय प्रणाली भन्ने अर्थ द्योतन गरिएका कारण प्रयुक्त कवितांशमा रुढिवैचित्र्य वक्रता सिर्जना भएको छ ।

कवि राजाको 'तङसिङ'मा रुढिवैचित्र्य वक्रताको प्रयोग पनि समीचीन रूपमा भएको पाइन्छ ।

### ३.२.२ पर्यायवक्रता

पर्याय वा समानार्थी शब्दमा आधारित वक्रतालाई पर्यायवक्रता भनिन्छ । विषयलाई थप आकर्षक वा रमणीय बनाउनका लागि कविले कुनै विशेष पर्यायको प्रयोग गर्दा पर्यायवक्रता देखा पर्छ ('हिरा', सन् १९७५, पृ. २४७) । त्यसैले पर्यायवाची वा समानार्थी शब्दमध्ये उपयुक्त शब्दको चयन र प्रयोगबाट पदको प्रकृतिखण्डमा देखिने काव्यात्मक चमत्कार नै पर्यावक्रता हो । 'तङसिङ' कवितामा पर्यायवक्रताको प्रयोग निम्नानुसार भएको देखिन्छ-

हो
यो तिम्रै कुरा हो
यो तिम्रै माटोको कुरा हो

यो कुरा छिचोल्न
एकपल्ट फेरि
तिमीले युमाको बोली
यो ढुँडी परेको स्मृतिमा
बौराउनुपर्छ

(राजा, सन् २०२२, पृ. १४)

मुन्धुमका अनुसार युमा एक प्रतिभाशाली, सुन्दर र चमत्कारी महिला हुन् । उनी एक ठाउँमा मात्र होइन, कहिले कता, कहिले कता देखिन्छिन् । लिम्बु भाषामा युमाको अर्थ हजुरआमा पनि हो तर यस कवितामा कविले युमा शब्दलाई पृथ्वीको पर्यायका रूपमा प्रयोग गरेका छन् । यसरी पृथ्वीका अनेक पर्याय

हुँदाहुँदै त्यसलाई जनाउन कविले युमा शब्दको प्रयोग गर्दा किराँत संस्कृतिका अनेक पक्ष कवितामा एकसाथ प्रस्तुत हुन पुगेका छन् । त्यसैले प्रयुक्त कवितांशको 'युमा' शब्दले पर्याय वक्रतालाई सङ्केत गर्दछ ।

एउटा अमेजनले
एउटै पृथिवीको क्यान्भसमा
आँकिरहेको छ
कैयौँ अमेजनहरू

अमेजनहरू अहिले
जङ्गलै जङ्गल
डुल्दैछन् - हुर्किंदैछन् - सल्किँदैछन्

एक हजारवटा पुगिसकेपछि
अमेजनहरूको आगोले डढ्नेछ
एउटा पृथ्वी

तब पृथ्वी नै एउटा अमेजन बन्नेछ
जलिरहेको अमेजन

(राजा, सन् २०२२, पृ. ४७)

उद्धृत कवितामा आएको 'अमेजन' शब्दले संसारकै सबैभन्दा ठुलो र घना जङ्गललाई जनाउँछ तर यहाँ अमेजन शब्द अमेजन जङ्गल मात्र नभएर संसारका हरेक सानाठुला जङ्गलको पर्याय बनेर आएको छ । यसै शब्दको प्रयोगले जङ्गलको विनाशले एक दिन सिङ्गो पृथ्वीकै विनाश हुन सक्छ त्यसैले वनजङ्गल जोगाउनुपर्छ भन्ने भावअभिव्यक्त गर्न यो कविता कविता समर्थ बनेको छ । त्यसैले यस कवितामा पर्याय वक्रता पाइन्छ ।

### ३.२.३ उपचार वक्रता

एकअर्काभन्दा नितान्त भिन्न गुण र धर्म भएका कुनै दुई वस्तुका बिचमा पाइने न्यून समानताका आधारमा एउटा वस्तुको गुण वा धर्मलाई अर्को वस्तुमा आरोप गर्दा उपचारवक्रता सिर्जना हुन्छ । यस्तो वक्रताको प्रयोग प्रकृतिको मानवीकरण गर्ने सन्दर्भमा निकै सुन्दर रूपमा देखा पर्दछ । यस प्रकारको आरोप अचेतन वस्तुमा सचेत वस्तुको पनि हुन सक्छ । यसरी उपचारवक्रतामा सादृश्यमूलक अलङ्कारहरू सजिलै समावेश हुन जान्छन् (वर्मा, सन् २०१३, पृ. १७६) । गुण र धर्मका दृष्टिले एकआपसमा भिन्न वस्तु भए पनि तिनीहरूका बिचमा रहेको अत्यन्तै गौण समानताका माध्यमबाट एउटा वस्तुको गुण तथा धर्मलाई अर्को वस्तुमा आरोप गरेर प्रस्तुत गरिने काव्यचारुता नै उपचारवक्रता हो ।

छाला जति चर्चर ताछिएको
हातखुट्टा ख्वाम्म छिनालिएको
अधबैँसे पृथ्वीको अन्तिम पुस्ताको रुख
अचेल केवल आकाशतिर हेर्छ

मान्छेले रियललाई भर्चुअल र भर्चुअललाई रियल
बनाइरहेको हाइपर युगमा रुख चाहिँ
एउटा न्याचुरल सपना देख्छ

सपनामा रुखको पखेटा पलाएको छ
र
अब
उड़िरहेको छ रुख
पृथ्वीको सतहदेखि
माथ्थि

(राजा, सन् २०२२, पृ. ७९)

माथिको कवितामा कविले रुखलाई मानवीकरण गर्ने सन्दर्भमा छला ताछिएको, हातखुट्टा छिनालिएको, रुखले आकाशतिर हेरेको, सपना देखेको, रूखको पखेटा पलाएको, रुख पृथ्वीको सतहमाथि उडिरहेको चर्चा गरेका छन् । यी यस्ता मानवीय क्रियाकलाप हुन् जुन रुखले गर्नु सम्भव छैन । त्यस्तै पृथ्वीलाई अधबैँसे भन्नुले पनि यहाँ अचेतन वस्तुमा चेतनको आरोप हुन पुगेको छ । यसबाट कविताको कथ्यमा उक्तिगत वैचित्र्य सिर्जना भई यसको काव्यिक गुणवत्ता वृद्धि भएको छ । त्यसले माथिको कवितामा उपचार वक्रता सिर्जना भएको छ ।

### ३.२.४ विशेषण वक्रता

काव्यमा प्रयोग भएका विशेषण शब्दहरूका माध्यमबाट सिर्जना हुने काव्यात्मक चमत्कारलाई विशेषण वक्रता भनिन्छ । जहाँ कारक वा क्रियाको महात्म्य वा प्रभावबाट वाक्यको सौन्दर्य प्रस्फुटित हुन्छ त्यहाँ विशेषणवक्रता हुन्छ (नगेन्द्र, सन् १९५५, पृ. ७२) । विशेषण वक्रतामा विशेषण शब्दको प्रयोगबाट विशेष प्रकारको चमत्कार सिर्जना गर्ने प्रयास गरिन्छ । जहाँ विशेषणको विशिष्ट प्रयोगका कारण अभिव्यक्तिमा चमत्कार उत्पन्न हुन्छ त्यहाँ विशेषण वक्रता हुन्छ (वर्मा, सन् २०१३, पृ. १७७) । कुन्तकले विशेषण औचित्यपूर्ण हुनुपर्ने, प्रस्तुत प्रसङ्गअनुकूल हुनुपर्ने, रस, वस्तुभाव र अङ्कारहरूको पोषक हुनुपर्ने बताएका छन् । यस्तो नभएमा विशेषण भारस्वरूप बन्न जान्छ र काव्यसौन्दर्य नै खल्बलिन पुग्दछ भनेर (खनाल, २०६८, पृ. ६०) ले उल्लेख गरेका छन् । आचार्य कुन्तकले विशेष्यपदको विशेषता बताउने र क्रियाको विशेषता बताउने आधारमा विशेषण वक्रतालाई विशेष्यविशेषण वक्रता र क्रियाविशेषण वक्रता गरी दुईओटा उपभेदमा विभाजन गरेका छन् ।.

तारैतार तारैतार तारैतार
तारैतारले बेहिएको
शहर हुन्छ यहाँ

यहाँ मान्छेले आफैलाई बेहेको छ
हजार हजार तारहरूले
र
उसले देखेको छ सपना-

एक दिन
ऊ पनि
चरा भएको

खासमा चरा
एउटा बेतार तार हो
पृथ्वीको

(राजा, सन् २०२२, पृ. ८७)

माथिको कवितामा प्रयुक्त 'हजार हजार' विशेषण विशेषण शब्दले विशेष अर्थ राख्छ । हजार हजार तारको सामान्यार्थ सहरबजारमा टाँगिने बिजुली, टेलिफोन, इन्टरनेट, केबल टिभी आदि अनेकानेक तारहरू हुन् तर यस कवितामा कविले यो विशेषणका माध्यमबाट मानिसका असीमित इच्छा, चाहना र सपनाहरूलाई सङ्केत गरेका छन् । त्यसैले यस कवितामा विशेषण वक्रताको प्रयोग पाइन्छ ।

### ३.२.५ संवृत्ति वक्रता

संवृत्ति भनेको ढाकछोप गर्ने वा लुकाउने कार्य हो । उक्तिमा भङ्गिमा वा नयाँ अर्थदीप्ति सिर्जना गर्ने उद्देश्यले सर्वनाम आदिको प्रयोगद्वारा कुनै कुरालाई लुकाइन्छ भने त्यहाँ संवृत्ति वक्रता हुन्छ (वर्मा, सन् २०१३, पृ. १७७) । कुनै लुप्त विशेष शब्दमा रहेको सौन्दर्यलाई सर्वनाम आदि अन्य शब्दको प्रयोगबाट प्रस्तुत गर्दा सिर्जना हुने चमत्कार वा काव्यसौन्दर्य संवृत्ति वक्रता हो । वैचित्र्य कथनको इच्छाबाट जहाँ वस्तुलाई कुनै सर्वनाम आदिद्वारा लुकाइन्छ त्यहाँ त्यसलाई संवृत्ति वक्रता भनिन्छ (कुन्तक, सन् २०१४, पृ. १८३) । काव्यमा विशेष अर्थ सिर्जनका लागि कुनै शब्दलाई लुकाएर सर्वनामका माध्यमबाट त्यसलाई उजागर गर्दा संवृत्ति वक्रता उत्पन्न हुन्छ । संवृत्तिको अर्थ हो गोप्य राख्नु वा लुकाउनु । सौन्दर्य वा वैचित्र्य प्रतिपादनका लागि सर्वनाम वा अन्य कुनै शब्दद्वारा वस्तुलाई गोप्य राखेमा संवृत्तिवक्रता हुन्छ (खनाल, २०६८ पृ. ६१) । राजाको तङसिङ कविताका यस्तो वक्रताकोप्रयोग पनि भएको देखिन्छ-

कार्बन च्याम्बरमा थुनिएको
मानव सभ्यताको
अडियो-भिजुअल इतिहासको
करोड़ों डेटा
क्लाउड मेमोरीले समेत अटाउन नभ्याएपछि
विन्ड मेमोरी, वेभ मेमोरी, वाटर मेमोरीमा छरेर राखियो
त्यो डेटा

तर त्यो केवल
इतिहास-डेटा थियो
वर्तमान त थिएन
र उब्रिएका
दुई एक मानव समूहका सदस्यहरू पनि
त्यतिन्जेल त
नपुंसक भइसकेका थिए

(राजा, सन् २०२२, पृ. १०६)

माथिको कवितामा आएका 'त्यो' सार्वनामिकभित्र व्यापक र विस्तृत अर्थसङ्केत गरिएको छ । यहाँ 'त्यो' शब्दभित्र कविले आजको डिजिटल युगमा मानिसले हरेक कार्यकलाप र उपलब्धिलाई डिजिटलाइज गरेर क्लाउडमा त राखेको छ तर मानवीय क्रियाकलापले भोलि सिङ्गो पृथ्वी नै बस्न योग्य नरहेपछि मान्छेले इतिहासका महान् उपलब्धिका रूपमा सञ्चित गरेको ती डाटाको कुनै अर्थ नरहने विचार कविले यहाँ प्रस्तुत गेका छन् । जसले डाटाको बारेमा जानकारी राख्छन् ती पनि भोलि नपुंसक बनिसक्ने हुनाले पृथ्वी नै नरहेपछि र मानिस नै नरहेपछि मान्छेका ऐतिहासिक उपलब्धिको कुनै अर्थ रहन्न भन्ने गम्भीर भावलाई त्यो सार्वनामिकभित्र गोपन गरी प्रस्तुत गरिएका कारण यस कवितामा संवृत्ति वक्रता पाइन्छ ।

### ३.२.६ लिङ्गवैचित्र्य वक्रता

प्राणीवर्गको पुरुष वा स्त्रीजातिसूचक व्याकरणिक कोटिको सङ्केतकलाई लिङ्ग भनिन्छ । लिङ्गको विशिष्ट प्रयोगबाट काव्यमा सिर्जना हुने चमत्कारलाई कुन्तकले लिङ्गवैचित्र्य वक्रता मानेका छन् । लिङ्ग (स्त्रीलिङ्ग, पुलिङ्ग एवं नपुंसक लिङ्ग) को विशिष्ट प्रयोगका कारण उत्पन्न हुने चमत्कार (रमणीयता) लाई लिङ्गवैचित्र्य वक्रता भनिन्छ ('हिरा', सन् १९७५, पृ. २५१ – २५२) । काव्यमा कतिपय अवस्थामा पुलिङ्गी रूपको प्रयोग गर्नुपर्ने स्थानमा कविहरूले काव्यशोभा वृद्धिका लागि स्त्रीलिङ्गी रूपको प्रयोग गर्ने गरेको पाइन्छ, यसलाई लिङ्गवैचित्र्य वक्रता भनिन्छ । त्यसैले लिङ्गप्रयोगमा आधृत सौन्दर्यलाई लिङ्गवैचित्र्य वक्रता भन्न सकिन्छ । लिङ्गको चमत्कारपूर्ण प्रयोगद्वारा सृजित सौन्दर्य नै लिङ्गवैचित्र्यवक्रता हो (खनाल, २०६८, पृ. ६२) । कुन्तकले विभिन्न लिङ्गको समानाधिकरणद्वारा, विशेष परिस्थितिमा स्त्रीलिङ्गको प्रयोगद्वारा तथा विशिष्ट लिङ्गको प्रयोगद्वारा लिङ्गवैचित्र्यवक्रता सिर्जना हुने धारणा व्यक्त गरेका छन् ।

चरा भइसकेकी आमाजस्तै
चट्टान भइसकेकी बोजूजस्तै
फूल भइसकेकी छोरीजस्तै
बुढी भइसकेकी नातिनीजस्तै
बादल भइसकेकी प्रियसीजस्तै
जङ्गल
हुरहुर
जलिरहेको छ

(राजा, सन् २०२२, पृ. ११७)

माथिको कवितांशमा कविले चट्टान, फूल र बादललाई स्त्रीलिङ्गीकरण गरेर प्रस्तुत गरेका छन् । मूतलः यी लिङ्गसूचक शब्द होइनन् । यसरी लिङ्ग नभएका शब्दलाई स्त्रीलिङ्गी बनाएर प्रस्तुत गरेका कारण यस कवितामा लिङ्गवैचित्र्य वक्रता सिर्जना भएको छ भने कविताको कथ्यमा समेत प्रभावकारिता अभिवृद्धि भएको छ ।

### ३.२.७ क्रियावैचित्र्य वक्रता

धातुका रूपवलीका रूपमा निर्माण हुने क्रियाको वैचित्र्यबाट वाक्यको सौन्दर्य वृद्धि हुँदा क्रियावैचित्र्य वक्रता हुन्छ । क्रियाको विचित्रताका कारण जब वाक्य (रचना) चमत्कृत वा रमणीय हुन्छ भने क्रियावैचित्र्य वक्रता हुन्छ ('हिरा', सन् १९७५, पृ. २५२) । काव्यमा प्रयोग भएका क्रियावर्गीय शब्दहरूको विशिष्टताका कारणले काव्यमा सिर्जना हुने चमत्कार, शोभा वा चारुताविशेष नै क्रियावैचित्र्य वक्रता हो । धातुरूप पदपूर्वार्द्धमा आश्रित वैचित्र्य क्रियावैचित्र्य वक्रताअन्तर्गत आउँछ (नगेन्द्र, सन् १९५५, पृ. २५५) । आचार्य कुन्तकले कर्ता र क्रियाको अन्तरङ्ग सम्बन्ध कायम गरेर, कर्ताद्वारा

असम्भव कार्य सम्पादन गराएर, क्रियाविशेषणद्वारा क्रियाको सौन्दर्य उजागर गरेर, सादृश्य सम्बन्धका आधारमा एउटा धर्मलाई अर्को क्रियामा ओरोप गरेर, क्रियाको कर्मलाई गोपन गरी रमणीयता प्रकट गरेर काव्यमा क्रियावैचित्र्यवक्रता सिर्जना गर्न सकिने धारणा व्यक्त गरेको छन् ।

ढल्दा-ढल्दै तन्नेरी रुखले
लामो लामो सास फेर्दै बन्चरोलाई भन्यो -

मर्नअघि गरिराख्न मन लागेको मेरा प्रिय पाँच कामना थिए
सुन्छौ ?

एक - मेरो सियाँलमा कुनै पथिकको खुइय्य सङ्गीत सुन्न चाहन्थेँ
दुई - मेरो छायामा नानीहरूको कबड्डी कबड्डी सुन्न चाहन्थेँ
तीन - मेरो छालामा छाडेर जाने प्रेमीको नाम खोपिदिन चाहन्थेँ
चार - बिहान-बेलुकी चराहरूको चिरबिरको संसार बसाइदिन चाहन्थेँ
पाँच - त्याग भुलिसकेको विश्वलाई प्रेमको प्रतीक बनिदिन चाहन्थेँ

जहाँ त्यो बुढ़ो रुख ढालिएको थियो
त्यो विशाल एउटा ड्याम प्रोजेक्टको
साइट थियो

(राजा, सन् २०२२, पृ. ७८)

सामान्यतः कवितामा क्रियाहरूको अत्यधिक प्रयोग गरिन्न तर माथिको कवितामा कविले विभिन्न क्रियाहरूको व्यापक प्रयग गरेका छन् । यी अनेक क्रियाहरूको प्रयोगले एकातिर कविताको कथ्यमा श्रुतिमधुरता सिर्जना भएको छ भने अर्कातर्फ कविताको भावगत गाम्भीर्य पनि वृद्धि भएको छ । त्यसैले यस कवितामा क्रियावैचित्र्य वक्रता पाइन्छ ।

## ४. निष्कर्ष

पूर्वीय काव्यशास्त्रमा आचार्य कुन्तक प्रवर्तित वक्रोक्तिसम्प्रदायमा वक्रोक्ति शब्दले बाङ्गो, टेढो, घुमाउरो, लाक्षणिक भनाइ वा विशिष्ट प्रकारको उक्ति वा भनाइ भन्ने अर्थ दिन्छ । उनले 'वक्रोक्तिजीवितम्' नामको पुस्तकमा आफूपूर्वका आचार्यहरूका मतहरूलाई समेत संयोजन गरेर वक्रोक्ति सिद्धान्तलाई स्थापित गरे र वक्रोक्तिलाई काव्यात्माका रूपमा प्रस्तुत गरेका छन् । कुन्तकले वक्रक्तिको सैद्धान्तिक परिचयका साथै यसका छओटा प्रकारहरूको पनि चर्चा गरेका छन् । उनले वक्रोक्तिका वर्णविन्यास वक्रता, पदपूर्वार्द्धवक्रता, पदपरार्द्धवक्रता, वाक्यवक्रता, प्रकरणवक्रता र प्रबन्धवक्रता गरी छवटा भेदहरू उल्लेख गरेका छन् । यस आलेखमा प्रयोगवादी कवि राजाको चर्चित इको कविता 'तङसिङ' मा पाइने वर्णविन्यास वक्रता तथा पदपूर्वार्द्ध वक्रताको अध्ययन गरिएको छ । यो अध्ययन तथा विश्लेषणबाट यस सङ्ग्रहका कवितामा वर्णविन्यास वक्रता तथा पदपूर्वार्द्धवक्रताको यथोचित प्रयोग भएको देखिन्छ । त्यसैले विवेच्य कविताकृतिमा वर्णविन्यास वक्रता र पदपूर्वार्द्धवक्रताको प्रयोग सहज, स्वाभाविक र प्रभावकारी ढङ्गले व्यापक रूपमा भएको पाइन्छ । वक्रताको यस प्रकारको प्रयोगबाट कवि राजाका कविताहरू थप संवेद्य र प्रभावकारी बनेका छन् । विषयसम्बद्ध वक्रताको प्रयोगका दृष्टिले प्रस्तुत कविताकृतिलाई कवि राजाको एक उत्कृष्ट कविताकृति मान्न सकिन्छ ।

*[नोटः प्रयुक्त कविताांशमा रहेको वर्णविन्यासलाई जस्ताको तस्तै राखिएको छ । यो प्रयोग कतिपय स्थानमा वर्तमान मानकभन्दा भिन्न रहेको छ ।]*

## लेखकको संलग्नता:

**Khil Prasad Baral**
Lecturer of Nepali
Makawanpur Multiple Campus, Hetauda

## सन्दर्भ ग्रन्थ


1. **उपाध्याय, केशवप्रसाद.** (२०५५). *पूर्वीय साहित्य सिद्धान्त* (तेस्रो. संस्क.). साझा प्रकाशन।
2. **कुन्तक.** (सन् २०१४). *वक्रोक्तिजीवितम्*. (अनु. दशरथ द्विवेदी). विश्वविद्यालय प्रकाशन।
3. **कुन्तक. *हिन्दी वक्रोक्तिजीवित.*** (सन् १९५५). (सम्पा. नगेन्द्र). (व्याख्या. आचार्य विश्वेश्वर, सिद्धान्तशिरोमणि). आत्माराम एन्ड सन्स।
4. **खनाल, श्यामप्रसाद.** (२०६८) *मृत्युञ्जय महाकाव्यको वक्रोक्तिवादी विवेचना*. अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. अनुसन्धान परिषद्. नेपाल संस्कृत विश्वविद्यालय।
5. **त्रिपाठी, राममूर्ति.** (सन् २००१). *भारतीय काव्य विमर्श*. वाणी प्रकाशन।
6. **नगेन्द्र. 'भूमिका'** (सन् १९५५). *हिन्दी वक्रोक्तिजीवित*. (व्याख्या. आचार्य विश्वेश्वर, सिद्धान्तशिरोमणि). आत्माराम एन्ड सन्स।
7. **पौडेल, विष्णुप्रसाद** (२०७६). 'वक्रोक्तिसिद्धान्त र यससँग शैलीविज्ञानको निकटता'. *रत्न बृहत् नेपाली समालोचना* (दोस्रो. संस्क.). (सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम). रत्न पुस्तक भण्डार (पृ. ६०२ – ६२१।
8. **प्रधान, कृष्ण** (२०७९). पूर्वीय काव्यशास्त्र : वक्रोक्तिवाद. https://shabdasopan.com/anya/anusandhatmak/4511/
9. **बराल, खिलप्रसाद** (२०२१). समकालीन नेपाली गद्यकवितामा वर्णविन्यासवक्रता [Characterization in contemporary Nepali prose poetry]. International Research Journal of MMC, 2(2), 92–106. https://doi.org/10.3126/irjmmc.v2i2.38153
10. **भँडारी, माधव.** (२०५५). 'वक्रोक्ति सम्प्रदाय'. (सम्पा. ईश्वर बराल तथा अन्य). *नेपाली साहित्य कोश* (पृ. ७३४–७४०). नेपाल प्रज्ञा प्रतिष्ठान।
11. **भट्टराई, ध्रुव** (२०२०). वक्रोक्तिका प्रकार र नेपाली लोककविता. *Curriculum Development Journal*, (42),99–114. https://doi.org/10.3126/cdj.v0i42.33237
12. **राजा** (सन् २०२२). तङसिङ. सम्बोधन प्रकाशन।
13. **वर्मा, हरिश्चन्द्र.** (सन् २०१३). *भारतीय काव्यशास्त्र*. (द्वितीय संस्क.). हरियाणा ग्रन्थ अकादमी।
14. **शर्मा, ऋषिराम.** (२०७४). *पूर्वीय शाहित्यशास्त्रीय नेपाली प्रायोगिक समालोचना*. सुरेश अर्याल।
15. **शर्मा ऋषिराम र बराल, खिलप्रसाद.** (२०२२). नदी किनारका माझी कवितामा पदपूर्वार्द्धवक्रता [Padapurvardha Vakrata in Nadi Kinar Ka Majhi (Fisherman by the river bank) Poem]. *International Research Journal of MMC*, *2*(3), 90–103. https://doi.org/10.3126/irjmmc.v2i3.40088
16. **सहाय, राजवंश 'हीरा'.** (सन् १९७५). *भारतीय आलोचनाशास्त्र*. हिन्दी ग्रन्थ अकादमी।

**TO CITE THIS ARTICLE**
Baral, K. P. (2024). कवि राजाको ‘तङसिङ’ मा वक्रोक्ति [Vakrokti in Kavi Raja’s ’Tangsing’]. *International Research Journal of MMC, 5*(3), 149-160. https://doi.org/10.3126/irjmmc.v5i3.68520

**Submitted:** 21 June 2024 **Accepted:** 28 July 2024 **Published:** 31 July 2024

**COPYRIGHT**
©2024 The Author(s). This is an open-access article distributed under the terms of the Creative Commons Attribution 4.0 International License (CC-BY-NC 4.0), which permits unrestricted use, distribution, and reproduction in any medium, provided the original author and source are credited. See https://creativecommons.org/licenses/by-nc/4.0/

*International Research Journal of MMC (IRJMMC)* is a peer-reviewed open access journal published by Research Management Cell, Makawanpur Multiple Campus, Hetauda